# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, श्रावण ३० गते २०१८ साल

**श्री ५ को सरकार**

### अर्थ आर्थिक कार्य विषय मन्त्रालयको सूचना

श्री ५ को सरकारले जारी गरेको निम्नलिखित आदेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित आदेश जारी गरेको छः–

१. शहरी क्षेत्रको घर-जग्गा र विदेशी लगानीमा करः–

नेपाली नागरिकको विदेशी लगानीमा र श्री ५ को सरकारले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएका शहरी क्षेत्रहरूमा रहेका घर जग्गामा २०१८ साल श्रावण ३० गतेदेखि अनुसूची १मा लेखिएको दरमा कर लगाइने र असूल उपर गरिने छ।

२. रजिष्ट्रेशन दस्तूरः–

मुलुकी ऐन (रजिष्ट्रेशनको महल) को ३८ नं. को देहायमा लेखिएको रजिष्ट्रेशन दस्तूरको सट्टा २०१८ साल श्रावण ३० गतेदेखि अनुसूची २ मा लेखिएको दरमा रजिष्ट्रेशन दस्तूर लिइने छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३· **हवाई उडानमा करः–**

नेपाल अधिराज्यको हवाई अड्डाबाट विदेशी मुलुकमा उडान गर्दा प्रत्येक यात्रुबाट ने.रु. ५।– पांच का दरले २०१८ साल श्रावण ३० गतेदेखि हवाई उडान कर लगाइने र असूल उपर गरिने छ।

४. **पानीपोतः–**

२०१८ साल श्रावण ३० गतेदेखि निम्नलिखित क्षेत्रमा निम्नलिखित दरले पानीपोत लगाइने र असूल उपर गरिने छ।

(क) काठमाडौं उपत्यका र पहाडि क्षेत्रमा प्रति रोपनी ने.रु. १।–, (एक) र

(ख) तराई क्षेत्रमा प्रति बिगाहा ने.रु. १३।– (तेह)।

५· **होटेलकरः–**

२०१८ साल श्रावण ३० गतेदेखि लाइसेंसवाला होटेलमा रात बस्ने प्रत्येक ग्राहकबाट निजले होटेलमा सेवा र सुविधा वापत भुक्तानी गरेको रकमको १० प्रतिशत होटेलकर लगाइने र असूल उपर गरिने छ।

## अनुसूची १

**शहरी क्षेत्रको घर जग्गा र विदेशी लगानीमा कर**

| घर जग्गा र विदेशी लगानीको मूल्य | करको दर प्रति हजार ने.रु.मा |
|---|---|
| पहिलो ने.रु. ५०,००० | केही नलाग्ने |
| त्यसपछि ने.रु. १०,००० | ने.रु. १ |
| " ने. रु. १०,००० | ने.रु. २ |
| " ने.रु. १०,००० | ने.रु. ३ |
| " ने.रु. १०,००० | ने.रु. ४ |
| " ने.रु. १०,००० | ने.रु. ५ |
| " ने.रु. १०,००० | ने.रु. ६ |
| " जतिसुकैमा पनि | ने.रु. ७ |

बहालमा दिएको घर जग्गामा माथि उल्लेख गरिएको दरमा ५० प्रतिशत बढी कर लाग्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।